कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) CCMC मुस्ताङद्वारा प्रकाशित

## कोभिड-१९ सम्बन्धी मुस्ताङ जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ असार १५ गते सोमबार

वर्ष १ अंक ५




### स्वयम् एकान्तबास बस्ने Self - Quarantine मा बस्दा पालना गर्नु पर्ने नियमहरू

१. म पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्नेछु, र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दूरी राख्नेछु ।

२. म छुट्टै बाथरूम र शौचालयको प्रयोग गर्नेछु र यदि यो सम्भव नभएमा प्रयोग गरेपछि बाथरूम र शौचालय आफैं सफा गर्नेछु ।

३. म आफु बस्ने कोठा आफैं सफा गर्नेछु ।

४. म घरभित्र साझा रूपमा प्रयोग हुने ठाउँहरू जस्तै भान्सा, शौचालयमा मेरो आवात जावतलाई सीमित गर्नेछु । यी साझा ठाउँहरूमा पर्याप्त भेन्टिलेसन भएको (वा झ्याल खुला रहने) सुनिश्चित गर्नेछु ।

५. म स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर जाँदिन । म काममा, विद्यालयमा वा सार्वजनिक क्षेत्रहरूमा जाँदिन र सार्वजनिक यातायातको प्रयोग गर्दिन ।

६. म नियमित रूपमा आफ्नो हात साबुन र पानीले मिची मिची २० सेकेन्डसम्म धुनेछु, वा हात सफा राख्न अल्कोहल युक्त हेन्ड सेनिटाइजर प्रयोग गर्नेछु । म हात नधोइ मेरा आँखा, नाक र मुख छुनबाट जोगिनेछु ।

७. मैले प्रयोग गर्ने गिलास, कप, खाना खान प्रयोग हुने भाँडा, तौली र रुमाल, ओछ्यान, वा अन्य सामानहरू घरका अन्य व्यक्तिहरूसँग साझा प्रयोग गर्दिन । प्रयोग गरेपछि यी सामानहरू म साबुन र पानीले सफा संग धुनेछु ।

८. म अन्य व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने छैन ।

९. यदि अन्य व्यक्तिहरूसँगको सम्पर्कमा आउनु पर्दा, म कम्तिमा १ मिटर (३ फिट) को दूरी राख्नेछु र म अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउनेछु ।

१०. खोक्दा वा हाच्छिउँ गर्दा म मेरो मुख र नाकलाई टिस्यु, रुमाल वा कुहिनाले छोप्नेछु ।

११. म आफ्नो कोठाबाट प्रयोग गरिएको टिस्यु, रूमाल, मास्क र अन्य चीजहरू छुट्टै फोहोर फाल्ने ठांउमा फाल्नेछु र फाले पछि तुरून्तै कम्तिमा २० सेकेन्ड सम्मका लागी अफ्ना हातहरू साबुन र पानीले मिची मिची धुनेछु । रूमाल वा पुन प्रयोग गर्ने कपडा साबुन र पानीले सफासंग धुनेछु र यसलाई घाममा राम्ररी सुकाएपछि मात्र प्रयोग गर्नेछु ।

१२. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशनहरूको पालना गर्नेछु र आवश्यक सहयोगको लागि सधैं तयार रहनेछु ।

१३. म क्वारेन्टाइनमा रहँदा आफ्नो शरीरको तापक्रम दैनिक एक पटक जाच्नेछु र दिईएको फाराममा रेकर्ड गर्नेछु । मलाई दिईएको निर्देशन अनुसार १४ दिन सम्म मेरो दैनिक स्वास्थ्य स्थिति बारे तोकिएको स्वास्थ्य निकायमा जानकारी दिनेछु ।

१४. कुनै पनि स्वास्थ्य समस्या देखिएको खण्डमा वा क्वारेन्टाइनमा बस्दा अन्य केही समस्याहरू भएमा तोकिएको स्वास्थ्य निकायबाट प्राप्त निर्देशनहरू अनुरूप गर्नेछु ।

१५. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संगको पूर्व अनुमति बिना क्वारेन्टाइन स्थान भन्दा बाहिर यात्रा गर्ने छैन ।

**आवश्यक भएमा यहाँ सम्पर्क गर्न सक्नुहुनेछ ।**

| Health Emergency Operation Centre | Epidemiology and Disease Control Division | COVID-19 Hotline |
|---|---|---|
| Phone: 01-4250845,<br>Fax: 01-4250842,<br>E-mail: heocmohp@gmail.com,<br>Web: heoc.mohp.gov.np<br>fb: fb.com/HEOC | Phone: 01-4255796,<br>E-mail: ewarsedcd@gmail.com,<br>Web: edcd.gov.np, fb: fb.com/edcdnepal | Get your queries answered from<br>**From 8:00 AM – 8:00 PM**<br>**Call Center 1115**<br>**Call: 9851255839, 9851255837, 9851255834** |



# कोभिड – १९ संग सम्बन्धित जिल्लास्तरीय बहु निकाय बैठक

बैठक तथा निर्णयहरु



**जिल्लामा कोरोना संक्रमणको अवस्था लगायतका विषयहरुमा छलफल गर्दै जिल्ला स्तरीय कोभिड – १९ संकट व्यवस्थापन केन्द्रका पदाधिकारीहरु ।**

## मिति २०७७/०३/०३ गतेको निर्णयहरु

१. विकास निर्माणको कार्यको लागि कामदारहरु मुस्ताङ् ल्याउने प्रयोजनको लागि सम्बन्धित गाउँपालिकाबाट सहमति भै आएमा कामदारलाई प्रवेश अनुमति दिने ।

२. मुस्ताङ जिल्लाको Counter Part बाट प्राप्त भएका स्वास्थ्य सामाग्रीहरु स्वास्थ्य कार्यालयले व्यवस्थापन गर्ने र सुरक्षा निकायलाई भनि प्राप्त भएका सामानहरु बुझाईएका सुरक्षा स्थानबाट खर्च हुने सामाग्रीहरुको अभिलेख राख्ने खर्च भएर नजाने सामाग्रीहरुको जिन्सी खातामा आम्दानी बाँधी प्रयोग गर्ने व्यवस्था मिलाउने ।

३. मुस्ताङ जिल्लामा तरकारी, फलफुल र माछामासु ल्याई विक्रीवितरण गर्ने प्रयोजनको लागि गृह मन्त्रालयको च.नं. ३४४२ मिति २०७६/१२/१३ गतेको पत्रमा उल्लेख भए बमोजिम गर्ने ।

४. मुस्ताङ जिल्लामा भित्रिने व्यक्तिहरुलाई RDT परिक्षण गर्दा पोजिटीभ देखिएमा त्यस्ता व्यक्तिको स्वाव संकलन गरी प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला पोखरामा परिक्षणको लागि पठाउन सवारी साधन अभाव भएका कारण निजि सवारी साधन भाडामा लिनु पर्ने भएकोले यसरी भाडामा लिँदा जोमसोम-पोखरा-जोमसोम को भाडा रु. १८०००/- अक्षररुपी अठार हजार रुपैया मात्र दिने गरी सम्झौता गर्ने ।

## मिति २०७७/०३/०६ गतेको निर्णयहरु

१. मिति २०७७/०२/३१ गते काठमाण्डौं बौद्धबाट मुस्ताङ आउनुभएका घरपझोङ गाउँपालिका वडा नं. १ छैरो स्थित तिब्बतीयन क्याम्प निवासी ८३ वर्षीय पुरुषको घाँसा स्थित RDT क्लिनिकमा RDT परिक्षण गर्दा Reactive देखिएको हुँदा मिति २०७७/०३/०१ गते मुस्ताङ जिल्ला अस्पताल, जोमसोममा आईसोलेसन कक्षमा राखिएको र मिति २०७७/०३/०२ गते स्वाबको नमुना लिई पोखरा स्थित प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाईएकोमा मिति २०७७/०३/०६ गते Corona SARS Covid-19 RT-PCR परिक्षण गर्दा पोजिटीभ देखिएको ।

२. संक्रमित व्यक्तिसँग आएका अन्य व्यक्तिहरु घरपझोङ गा.पा. वडा नं. १ स्थित छैरो तिब्बतियन क्याम्पमा होम क्वारेन्टाईनमा बसेको हुँदा हाल लाई उक्त क्याम्प Seal गर्ने ।

३. PCR पोजिटिभ देखिएको व्यक्तिको सम्पर्क रहेका व्यक्तिहरुको Case Investigation and Contact Tracing (CICT) गर्नका लागि घरपझोङ गा.पा.को CICT Team, मुस्ताङ जिल्ला अस्पताल र स्वास्थ्य कार्यालय मुस्ताङको टिमलाई मिति २०७७/०३/०७ बिहानदेखि फिल्डमा खटाउने र ट्रेस गरिएका व्यक्तिहरुको स्वाव संकलन गरी परिक्षणको लागि पठाउने ।



**घरपझोङ गाउँपालिका वडा नं. १ छैरो स्थित तिब्बतियन क्याम्पमा Disinfection गर्दै सुरक्षाकर्मी ।**

## मिति २०७७/०३/०७ गतेको निर्णयहरु

१. मुस्ताङ जिल्लाको Counter Part (China) बाट प्राप्त भएका स्वास्थ्य सम्बन्धि सामाग्रीहरुका बारेमा सबैलाई जानकारी भयो । उक्त सामाग्री स्वास्थ्य कार्यालयमा राखी माग गर्ने कार्यालय तथा संघ संस्थाहरुलाई आवश्यकता एवं औचित्यका आधारमा स्वास्थ्य कार्यालय मार्फत उपलब्ध गराउने । साथै हाल थासाङ, घरपझोङ र बारागुङ गाउँपालिकाहरुलाई (प्रत्येक वडामा एक/ एक वटा पठाउने गरी) ६/६ वटा गरी १८ वटा थर्मल गन उपलब्ध गराउने ।

२. मुस्ताङ जिल्ला प्रवेश गर्ने अत्यावश्यक सेवा बाहेक अन्य व्यक्तिहरुलाई सम्बन्धित वडाको सिफारिसमा गाउँपालिकाको सहमति सहित आएमा सम्बन्धित वडा तथा गाउँपालिका जिम्मेवार हुने भएको अवस्थामा आवश्यकता अनुसार मात्र सवारी पास जारी गर्ने ।

३. कोभिड-१९ को संक्रमणबाट स्थानियवासिहरुको निधन हुन गएमा निजहरुलाई धार्मिक मृत्यु संस्कार र कार्यविधि अनुसार शव व्यवस्थापन गर्ने र अन्यत्र बाट आई यस जिल्लामा रहेका व्यक्तिहरुको उक्त संक्रमणबाट निधन हुन गएमा निजहरुको शव व्यवस्थापन गर्ने निश्चित स्थान तोकी सो को जानकारी ७ दिन भित्र उपलब्ध गराउन सबै गाउँपालिकाहरुलाई अनुरोध गर्ने ।

४. मुस्ताङ जिल्लाको Counter Part (China) बाट प्राप्त भएका स्वास्थ्य सामाग्रीहरु मध्ये पर्वत जिल्लाबाट माग भई आएकोले तपसिल बमोजिमको सामाग्रीहरु उक्त जिल्लालाई उपलब्ध गराउने ।

## पर्वत जिल्लालाई उपलब्ध गराईएको स्वास्थ्य सामाग्रीहरु

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | सर्जिकल मास्क | ३००० |
| २ | थर्मल गन | १० |
| ३ | PPE (Gown) | १०० |
| ४ | N 95 Mask | १०० |

# अनुगमनलाई निरन्तरता दिँदै जिल्ला CCMC का पदाधिकारीहरु



बाह्रगुङ मुक्तिक्षेत्र गाउँपालिका कागवेनीमा स्थापना गरिएको Pre-Isolation कक्षको अनुगमन निरीक्षण गर्दै जिल्लास्तरीय CCMC का पदाधिकारीहरु।



घरपझोङ गाउँपालिका मार्फास्थित क्वारेन्टाईन कक्षको अनुगमन निरिक्षण गर्दै CCMC का पदाधिकारीहरु।



मिति २०७७/०३/०६ गते PCR परिक्षण गर्दा पोजिटिभ नतिजा आएका संक्रमित व्यक्तिसँग आएका अन्य व्यक्तिहरु को Case Investigation and Contact Tracing को अनुगमन गर्दै जिल्ला समन्वय प्रमुख छिरिङ ल्हामो गुरुङ र प्रमुख जिल्ला अधिकारी वेद प्रसाद अर्याल लगायतको मेडिकल टोली।



संक्रमण देखिएका व्यक्तिको साथमा आएका व्यक्तिहरुको CICT का सम्बन्धमा पत्रकारहरुसँग अन्तरक्रिया गर्दै CCMC का पदाधिकारीहरु।

## स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन तथा संरक्षण स्वास्थ्य कार्यालयले गर्ने



मिति २०७७/०३/०१ गते मुस्ताङ जिल्लालाई कोभिड १९ नियन्त्रण तथा रोकथाम एवं व्यवस्थापनका लागि सहयोगार्थ मित्र राष्ट्र चिनद्धारा प्रदान गरिएको स्वास्थ्य सामाग्रीहरु सम्बन्धित निकायहरुलाई आवश्यकतानुसार वितरण गरी बाँकी रहेका सामाग्रीहरुलाई स्वास्थ्य कार्यालय मुस्ताङले व्यवस्थापन गर्ने निर्णय भए अनुरुप हाल स्वास्थ्य कार्यालय मुस्ताङमा मौज्दात राखिएको छ।

उक्त सामाग्रीहरु स्वास्थ्य कार्यालयमा राखी माग गर्ने कार्यालय तथा संघ संस्थाहरुलाई आवश्यकता एवं औचित्यका आधारमा स्वास्थ्य कार्यालय मार्फत उपलब्ध गराउने निर्णय समेत CCMC को मिति २०७७/०३/०७ गतेको बैंठकले गरेको छ।

## मुस्ताङमा पहिलो पटक कोभिड – १९ पोजिटिभ देखियो



मिति २०७७/०२/३१ गते काठमाण्डौं बौद्धबाट मुस्ताङ आउनुभएका घरपझोङ गाउँपालिका वडा नं. १ छैरो स्थित तिब्बतीयन क्याम्प निवासी ८३ वर्षीय पुरुषको घाँसा स्थित RDT क्लिनिकमा RDT परिक्षण गर्दा Reactive देखिएको हुँदा मिति २०७७/०३/०१ गते मुस्तङ जिल्ला अस्पताल, जोमसोममा आईसोलेसन कक्षमा राखिएको र मिति २०७७/०३/०२ गते स्वाबको नमुना लिई पोखरा स्थित प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पठाईएकोमा मिति २०७७/०३/०६ गते Corona SARS Covid-19 RT-PCR परिक्षण गर्दा पोजिटीभ देखिएको हुँदा हाल मुस्ताङ जिल्ला अस्पतालको आईसोलेसन कक्षमा राखी उपचार भईरहेको छ।

## स्वास्थ्य कार्यालय मुस्ताङ्को आयोजनामा CICT सम्बन्धि १ (एक) दिने अभिमुखिकरण तालिम सम्पन्न




स्वास्थ्य कार्यालय, मुस्तङको आयोजनामा मिति २०७७/०३/०८ गते स्थानिय तहका स्वास्थ्य संयोजक र CICT समितनिको सदस्यहरुलाई Case Investigation and Contact Tracing सम्बन्धि १ (एक) दिने अभिमुखिकरण तालिम दिईएको छ। यस अभिमुखिकरण तालिममा जिल्लामा कार्यरत स्वास्थ्यकर्मी लगायत सुरक्षा निकायहरुका स्वास्थ्यकर्मींहरुलाई समेत सहभागी गराईएको थियो।

CICT सँग सँगै सहभागीहरुलाई कोभिड-१९ सम्बन्धि नयाँ जानकारीहरु समेत उपलब्ध गराईएको थियो।

# घाँसास्थित RDT Clinic बाट
# संक्रमण जोखिम न्यूनिकरणको प्रभावकारी पुर्ण प्रयास




घाँसामा स्थापना गरिएको RDT Clinic मा मालवाहक सवारी साधनका चालक तथा सह चालकको RDT गर्दै स्वास्थ्यकर्मी ।



घाँसामा स्थापना गरिएको RDT Clinic मा RDT को लागि लाईनमा बसेका मालवाहक सवारी साधनका चालक तथा सह चालकहरुलाई सामाजिक दुरी कायम गर्न अनुरोध गर्दै सादा पोशाकमा सुरक्षाकर्मीहरु ।



घाँसामा स्थापना गरिएको RDT Clinic मा अनावश्यक व्यक्तिहरुको आवतजावतलाई नियन्त्रण गरी संक्रमण रोकथाम तथा सुरक्षित बनाउन तारवार सहित सामाजिक दुरी कायम गरिएको व्यवस्थापन ।



जिल्ला अस्पताल जोमसोममा स्थापना गरिएको आईसोलेसन कक्षको सुरक्षा गर्दै सुरक्षाकर्मीहरु ।

## जिल्लामा रहेका हेल्थडेस्क

- घाँसा
- जोमसोम स्थित समाजघर
- मुक्तिनाथ क्षेत्र
- लोमान्थाङ्ग

मिति २०७७/०३/१५ गतेसम्म मुस्ताङ जिल्लामा चारवटा हेल्थ डेस्क र जिल्ला अस्पतालमा स्थापना गरिएको फिभर क्लिनिकबाट १२,९३२ जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।



**लोमान्थाङ गाउँपालिकाका गाउँपालिका अध्यक्ष सुवर्ण विष्टको फिभर चेक गर्दै स्वास्थ्यकर्मी ।**

## जिल्लामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | विवरण | सुरक्षा निकाय |
|---|---|---|
| ओमकार वि.क. | ९८४२२६५४०४ | जिल्ला अस्पताल |
| वीर बहादुर घले | ९८६९२०४८७६ | जिल्ला रेडक्रस |



## जिल्लास्थित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत चिकित्सकहरुको विवरण

| पद नामथर | कार्यालय | फोन नं. |
|---|---|---|
| मे.अ.डा. शिब भण्डारी | जिल्ला अस्पताल | ९८५७६४९५५५ |
| डा. केबिन पौडेल | जिल्ला अस्पताल | ९८४६७२३०८१ |
| डा. साजन बराल | जिल्ला अस्पताल | ९८६७३०९४१६ |
| डा. सबिता बराल | जिल्ला अस्पताल | ९८४५१७८६६९ |
| डा. लक्ष्मण थापा | थासाङ्ग गा.पा. लेते | ९८४००११८०३ |
| डा. अनिल तिमिल्सेना | जिल्ला अस्पताल | ९८६७००३३३५ |

| क्वारेन्टाईनमा राखिएको संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | हाल क्वारेन्टाईनमा रहेको संख्या | आईसोलेसनमा राखिएको संख्या | आईसोलेसनबाट छाडिएको संख्या | हाल आईसोलेसनमा रहेको संख्या | RDT संख्या | स्वाव टेष्ट संख्या |
|---|---|---|---|---|---|---|---|
| २७ | २३ | ४ | १२ | ११ | १ | ८३३ | ५५ |

- हालसम्म गरिएका RDT को नतिजा मध्ये ८०५ जनाको Non-Reactive र २८ जनाको Reactive तथा स्वाव टेस्टको नतिजा मध्ये ५४ जनाको Negative र १ (एक) जनाको Positive आएको हुनाले पुन: स्वाव परिक्षणको लागि नमुना संकलन गरी पठाईएकोमा नतिजा आउन बाँकी रहेको छ ।

# Disinfection गर्दै सुरक्षाकर्मीहरु




**जिल्ला मुस्ताङको प्रवेश बिन्दु घाँसामा प्रवेश गर्ने सवारी साधनहरुलाई Disinfection गर्न आवश्यक साधनहरु सहित खटिएका सुरक्षाकर्मी लगायत अन्य सरोकारवाला निकायका कर्मचारीहरु।**




**जिल्लास्थित कार्यालयहरुमा प्रवेश गर्ने सवारी साधनहरुलाई Disinfection गर्दै।**



**सुरक्षा निकायको सवारी साधनलाई Disinfection गर्दै सुरक्षाकर्मी।**

# फोटो फिचर



सीमा सुरक्षार्थ सीमा ईलाकामा गस्ति गर्दै सुरक्षाकर्मीहरु । सीमामा हुन सक्ने सम्भावित अपराध तथा कोरोना संक्रमणको जोखिमलाई मध्यनजर गरी सीमा अनुगमनलाई तिव्रता दिईएको छ ।



मिति २०७७/०३/०८ गते संचालित Case Investigation and Contact Tracing सम्बन्धि १ दिने अभिमुखिकरण तालिमको झलक ।



उपल्लो मुस्ताङ्गको लोमान्थाङ गाउँपालिकामा माईकिङ मार्फत कोभिड – १९ सम्बन्धि जनचेतना फैलाउँदै सुरक्षाकर्मी ।



थासाङ गाउँपालिकाको घाँसामा मालवाहक सवारी साधनहरु Disinfection गर्दै सुरक्षाकर्मीहरु ।



स्थानियवासीलाई साबुन पानीले हात धुने तरिका सिकाउँदै अन्नपुर्ण संरक्षण क्षेत्र आयोजनाका स्वास्थ्यकर्मी ।


**प्रकाशक**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

कोभिड - १९ संकट व्यवस्थापन केन्द्र मुस्ताङ
COVID-19 Crisis Management Centre (CCMC) Mustang


Email : daomustang@gmail.com